## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**लेटाङ नगरपालिका**

# स्थानीय राजपत्र

| खण्ड क | संख्याः १ | मितिः २०७९/४/३ |
|---|---|---|

**भाग-३**

### लेटाङ नगरपालिकाको शव वाहन सञ्चालन कार्यविधि २०७९

लेटाङ नगरपालिकाद्वारा नगरवासीको सुविधाका लागी खरीद गरिएको शव वाहन सञ्चालन सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले

लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको बैठकद्वारा शव वाहन सञ्चालन कार्यविधि तर्जुमा गरी जारी गरेको छ ।

## परिच्छेद-एक

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम लेटाङ नगरपालिकाको शव वाहन सञ्चालन कार्यविधि २०७९ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको निर्णय पछि तत्काल प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि लेटाङ नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(१) नगर प्रमुख भन्नाले लेटाङ नगरपालिकाको निर्वाचित प्रमुखलाइ जनाउँछ ।

(२) उप प्रमुख भन्नाले लेटाङ नगरपालिकाको निर्वाचित उप प्रमुखलाइ जनाउँछ ।

(३) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाइ जनाउँछ ।

(४) नगरपालिका भन्नाले लेटाङ नगरपालिकालाइ जनाउँछ र यो शब्दले वडा कार्यालयलाइ समेत जनाउँछ ।

(५) प्रमुख प्रशासकीय अधिकृत भन्नाले संघीय सरकारद्वारा प्रशासकीय प्रमुखको हैसियतमा कामकाज गर्न खटाइएको अधिकृतलाइ जनाउँछ ।

## परिच्छेद -दुइ

## शव वाहन सम्बन्धी व्यवस्था

३. शव वाहनको व्यवस्थाः लेटाङ नगरपालिकाद्वारा शव ओसार कार्यमा सहयोग पुऱ्याउने कार्यका लागी शव वाहन खरीद गरी सञ्चालनमा ल्याउनेछ ।

४. शव वाहनको प्रयोगः (१)नगरपालिकाद्वारा सञ्चालित शव वाहनलाइ निम्न कार्यमा प्रयोग गरिनेछ

(क) शवलाइ घर देखि घाटसम्म पुऱ्याउने कार्यका लागी ।

(ख) शवलाइ पोष्ट मार्टमका लागि नजिकको अस्पताल सम्म पुऱ्याउन ।

(ग) नगरवासीको शव जिल्लाभित्र वा वाहिरको अस्पतालबाट घर/स्थानीय घाट सम्म पुऱ्याउन ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएपनि शव वाहनको प्रयोग शवलाइ घरदेखि स्थानीय घाट/समाधिस्थलसम्म पुऱ्याउने कार्यको लागि प्रयोग गरिनेछ ।

५. गलत प्रयोग गर्न नहुनेः नगरपालिकाद्वारा सेवाभावबाट सञ्चालित शव वाहनलाइ कसैले पनि गलत कार्यमा प्रयोग गर्न हुदैन । यस्तो कार्य गरे गराएमा दण्डनीय हुनेछ ।

## परिच्छेद -तीन

## शुल्क सम्बन्धी व्यवस्था

६. शव वाहन प्रयोग शुल्कः (१)शव वाहन प्रयोगको आधारमा देहाय बमोजिम शुल्क लाग्नेछः
(क) घरदेखि स्थानीय घाट/समाधिस्थल सम्म निःशुल्क ।

(ख) घटनास्थल देखि अस्पताल सम्म वेवारिसे भए निःशुल्क ।

(ग) दूरीका आधारमा देहायका अस्पतालसम्म शव वाहन गइ शव लिइ आउनु परेमा देहाय बमोजिम शुल्क लाग्नेछ ।

| क्र.सं. | स्थान | शुल्क |
|---|---|---|
| १ | बिराटनगर/धरान | रु.३५००/- |
| २ | ईटहरी/दमक | रु. २०००/- |
| ३ | बिराटचौक/उर्लावारी | रु.१८००/- |
| ४ | बिर्तामोड | रु. ४०००/- |
| ५ | मंगलबारे | रु. १६००/- |
| ६ | चतरा घाट सम्म | रु. ५०००/- |
| ७ | कन्काइ माइ | रु.४०००/- |

(२) अन्य शववाहनले शववाहन प्रयोग गर्दा लाग्ने शुल्कको आधारमा न्यूनतम शुल्क निर्धारण गरिनेछ । अन्य शव वाहनको शुल्क भन्दा बढि हुने गरी शुल्क निर्धारण गरिने छैन ।

(३) प्रयोग नभई शव वाहन खाली रहेको बेला नगरपालिकामा बसोवास गर्ने व्यक्ति र परिवारबाट शव वाहन माग भएमा First Come First Service को आधारमा नगरपालिकाले उपलब्ध गराउने छ ।

(४) शव वाहन माग गर्नको लागि लेटाङ नगरकार्यपालिका अन्तरगत शव बाहन सेवाको लागि उपलब्ध हुने नम्बरमा फोन गर्नु पर्नेछ ।

(५) कार्यालयले उपलब्ध गराउने शव वाहन सञ्चालनको तोकिएको ढाँचा बमोजिमको अपरेशन लगसीट तोकिएको अधिकारीले प्रमाणित गरी सम्बन्धित अपरेटरलाई उपलब्ध गराउनु पर्नेछ ।अपरेटरले पनि सोहि लगसीटमा उपकरण सञ्चालन सम्बन्धि अभिलेख राख्नु पर्नेछ ।

(६) शव वाहन प्रयोग गर्दा साइटसम्म लैजाने र काम समाप्त भए पश्चात सुरक्षित तवरले कार्यालयमा फिर्ता बुझाउने सम्पूर्ण जिम्मेवारी सम्बन्धित प्रयोगकर्ता र अपरेटरको हुनेछ ।

(७) शव वाहन प्रयोग गर्दा तोकिएको स्थानमा भन्दा अन्य क्षेत्रमा लैजान पाईने छैन । पछि कुनै कारणबस क्षेत्र बदल्नु परेमा कार्यालयसँग स्वीकृति माग गर्नु पर्नेछ ।

(८) शव वाहन प्रयोग भैरहेको अवस्थामा बिग्रन गई मर्मत गर्नुपर्ने भएमा कार्यालयको नियमानुसार गर्नु पर्नेछ ।

(९) शव वाहन प्रयोग गर्दा उक्त उपकरण कार्यालयबाट बाहिर निस्केको र कार्यालयमा फिर्ता भएको मिति र समय जनाई सम्बन्धित अपरेटरको दस्तखत गराई तोकिएको अधिकारीबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(१०) शव वाहन प्रयोग भई फिर्ता भएपछि सम्बन्धित अपरेटरले उक्त उपकरण सञ्चालन भएको विवरण सहितको अपरेसन लगसीट कार्यालयमा बुझाउनु पर्नेछ ।

(११) शव उठाउने समय निर्धारण भएको आधा घण्टा अगाडि शव वाहन आउनेछ र अत्यावश्यक सवारी साधन भएको हुँदा निर्धारित समयमा आधा घण्टा भन्दा बढि समय पर्खने छैन ।

७. **शव वाहन सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशक समितिः**

(१) शव बाहनको व्यवस्थित, विश्वसनीय र प्रभावकारी प्रयोगको व्यवस्था मिलाउन तपसिल बमोजिमको निर्देशक समिति रहनेछः

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उप प्रमुख | सह संयोजक |
| (ग) सामाजिक विकास समिति संयोजक | सदस्य |
| (घ) समितिले तोकेको नगर कार्यपालिका सदस्य मध्ये १ महिला सदस्य | |
| (ङ) विपद् व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

८. **गलत सूचना दिने व्यक्तिलाई हुने सजायः** (१) शव वाहन सेवा आवश्यक भयो भनी गलत सूचना दिने व्यक्ति र शव वाहन सञ्चालन तथा व्यवस्थापन कार्यमा अवरोध पुर्याउने व्यक्तिलाई कानुन अनुसार कारवाहि गरिनेछ ।

**९. समिक्षा एवं प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्थाः** (१) समितिले शव वाहन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको समीक्षा गरी नगरपालिका समक्षा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१०. खारेजी र बचाउः** (१) यस निर्देशिकामा उल्लेख भएका कुराहरू यसै बमोजिम र अन्य कुराहरू प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

कार्यपालिकाबाट स्वीकृत मितिः२०७९/५/१

आज्ञाले
पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत